नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

# विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको समुपस्थितिमा मिति २०८१/०४/३१ गते आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन अवस्थाको मन्त्रालयगत वार्षिक प्रगति समीक्षा तथा आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालयहरूबाट सम्पादन हुने प्रमुख कार्यसम्पादन सूचक र सरकार गठन भएको एक सय दिनको अवधिमा सम्पन्न गरिने प्रमुख कार्य र प्राप्त हुने उपलब्धिको प्रस्तुतीकरण सम्पन्न भई सम्माननीय प्रधानमन्त्रीज्यूले वस्तुगत र व्यवहारिक लक्ष्यका साथ ठोस काम अगाडि बढाउने गरी कार्ययोजना बनाई काम गर्न उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सचिवज्यूहरूलाई निर्देशन दिनुभएको छ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले सरकार गठन भएको तीन महिनाको अवधिमा जनताले परिवर्तनको प्रत्यक्ष अनुभूति गर्ने तथा प्राप्त उपलब्धिको स्पष्ट मापन गर्ने गरी वस्तुगत लक्ष्य निर्धारण गरेर तीव्र गतिमा काम गर्न र पूरा गर्न कठिन हुन्छ भनेर लक्ष्य नै सजिलो राख्ने प्रवृत्ति अन्त्य गर्न निर्देशन दिनुभएको छ। उहाँले अहिलेको समय तीव्र विकास र परिवर्तनको समय भएकोले परम्परागत गतिमा चलेर नहुने; योजनाबद्ध तवरले प्रविधिको उपयोग गरेर काम गरे मात्र उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा बढी उपलब्धि हासिल गर्न सकिने; प्रतिफल प्राप्त गर्नको लागि लगानी गर्न डराउन नहुने; काम नगरेर असल बन्न खोज्ने भन्दा देश र जनताको निम्ति काम गरेर असल बन्न प्रेरित हुने; सरकारको पुँजिगत खर्च वृद्धि गर्न 'नबिराउनु नडराउनु' भन्ने भनाइलाई स्मरण गर्दै दृढ इच्छाशक्ति राखेर काम गर्न निर्देशन दिनुभयो। मन्त्रालयहरूले एक सय दिनमा गर्न सक्ने ठोस कामहरूका केही दृष्टान्त दिनुहुँदै उहाँले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले डिजिटल नेपाल फ्रेमवर्कलाई प्रभावकारी बनाउने र नेपालभित्र चल्ने सामाजिक सञ्जालहरूको प्रभावकारी नियमन गर्ने; उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा रहेका हवाई इन्धन डिपोको स्थानान्तरण गर्ने; व्यावसायिक तथा सिपविकास तालिमलाई व्यापकता प्रदान गर्ने तथा जनतालाई मिसावटरहित गुणस्तरीय खाद्यवस्तु उपलब्ध गराउने; सम्बन्धित निकायहरूले सार्वजनिक सम्पत्तिको संरक्षण, सम्भार र उपयोग गर्ने गराउने; एउटा मन्त्रालयबाट अर्को मन्त्रालयमा कामका लागि पुगेका फाइलहरू बढीमा तीन दिनभित्र फछ्र्यौट गरिसक्ने जस्ता विषयमा ध्यान दिन निर्देश गर्नुभयो। साथै, उहाँले हाललाई हाम्रा युवा जनशक्ति वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक परिस्थिति भएतापनि भविष्यमा देशमा उद्यमशीलता विकास गरी रोजगारी सिर्जना गर्ने, रोजगारीको हकको सुरक्षा गर्ने र जीवनचक्रमा आधारित सामाजिक सुरक्षाका कार्यक्रममा केन्द्रित हुन निर्देशन दिनुभयो। नागरिकभन्दा ठूलो सम्पत्ति राष्ट्रको अर्को हुँदैन भन्नुहुँदै उहाँले तीनसय दिनभित्र कीर्तिपुर क्रिकेट रङ्गशालाको स्तरोन्नतिको

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

कार्य सम्पन्न गर्ने गरी आवश्यक जनशक्ति र उपकरणसहित मास्टर प्लान बनाई काम गर्न; पुँजिगत खर्च शतप्रतिशत गर्न तथा बेरूजु नरहोस् भन्ने मनसायका साथ काम गर्न; उद्देश्य र लक्ष्य हासिल गर्नको लागि नीति तथा कानुनहरू तर्जुमा र परिमार्जन गर्ने कुरामा ध्यान दिन निर्देशन दिनुभयो। आयोजना कार्यान्वयनमा लैजाँदा यसका बहुआयामिक पक्षहरूमा ध्यान दिनुपर्ने उल्लेख गर्नुहुँदै उहाँले आयोजनामा निर्माण गर्नुपर्ने सुरूङ्, बाँध, पावरहाउस, तटबन्ध, नहर प्रणाली, विद्युत लाइन निर्माण जस्ता कामहरू सँगसँगै अगाडि बढाउन; सीमानाकाहरूबाट विषादीमुक्त खाद्यवस्तु भित्र्याउन आधुनिक उपकरण जडान गर्ने कुरामा ध्यान दिन; पशुपन्छीमा लगाउने खोपलाई प्रभावकारी बनाउन; देशलाई खाद्यपदार्थमा आत्मनिर्भर बनाउन उन्नत जातका बिउबिजन, मलखाद, आधुनिक कृषि प्रविधि र प्राविधिक सेवा, बाली तथा पशुबिमा जस्ता सेवा समयमै उपलब्ध गराउने कुरा समेटेर कृषि उत्पादन बढाउने खास योजना बनाउन; कृषि उपजलाई निर्यातयोग्य बनाउन र यसका लागि सम्बद्ध मन्त्रालयसँग समन्वय गर्न निर्देशन दिनुभयो।

मुख्यसचिव श्री लीलादेवी गडतौलाज्यूले सञ्चालन गर्नुभएको कार्यक्रममा सचिव श्री राजकुमार श्रेष्ठज्यूले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति समीक्षा प्रस्तुत गर्नुहुँदै नेपालको अर्थतन्त्रका प्रमुख परिसूचकहरूको अवस्था, मन्त्रालयगत पुँजिगत खर्चको विवरण र मन्त्रालय/निकायगत कार्यसम्पादन प्रगति स्थिति, कार्ययोजना कार्यन्वयनमा देखिएका समस्या र समाधानका उपायहरू तथा आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्ययोजना प्रस्तुत गर्नुभएको थियो। तत्पश्चात् मन्त्रालयका सम्बन्धित सचिवज्यूहरूले आर्थिक वर्ष २०८१/८२ को प्रमुख कार्यसम्पादन सूचक र सरकार गठन भएको एकसय दिनको अवधिमा सम्पन्न गर्ने प्रमुख कार्यहरूको कार्ययोजना प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा नेपाल सरकारका माननीय उपप्रधानमन्त्रीज्यूहरू, मन्त्रीज्यूहरू, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार र सल्लाहकारज्यूहरू, राज्यमन्त्रीज्यूहरू र सम्बद्ध उच्च पदस्थ कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।

२०८१ साउन ३१ गते, बिहीबार

प्रेमप्रसाद आचार्य
प्रवक्ता